छलफल तथा निर्णय

१. सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास परिषद्का अध्यक्षज्यूको अध्यक्षतामा मिति २०७५ चैत्र २० र २१ गते आयोजना हुने राष्ट्रिय विकास परिषद् बैठकको कार्यक्रम तालिका र उक्त बैठकमा प्रस्तुत गरिने प्रस्तुतिकरणको मस्यौदाका सम्बन्धमा बैठकलाई जानकारी गराईयो । साथै, परिषद्को बैठकको व्यवस्थापनका लागि गठित व्यवस्थापन समिति एवं सो अन्तर्गतका विषयगत उपसमितिहरुले आ-आफूलाई तोकिएको कार्य जिम्मेवारी अनुरुप कुशल ढंगमा कार्यसम्पादन गर्न निर्देशन दिने।

२. सुशासन तथा सामाजिक विकास महाशाखाबाट पेश भएको सन् २०१९ नोभेम्बर ५-७ मा नेपालमा 2019 SUN Global Gathering आयोजना गर्न SUN Movement Secretariat, Geneva बाट नेपाल आयोजक राष्ट्रको रुपमा छनौट भएको जानकारी प्राप्त भए अनुसार उक्त सम्मेलन SUN Movement Secretariat, Geneva सँगको सहकार्यमा नेपालमा आयोजना गर्ने सम्बन्धमा स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न प्रकृया अघि बढाउने। यस सम्बन्धमा हाललाई विषयक्षेत्र हेर्ने माननीय सदस्यज्यूबाट SUN Movement Secretariat, Geneva लाई सकारात्मक धारणा रहेको पत्राचार गर्न सहमति प्रदान गर्ने ।

३. आगामी आर्थिक वर्ष २०७६/७७ को वार्षिक कार्यक्रम तथा बजेट तर्जुमाका सम्बन्धमा आर्थिक व्यवस्थापन महाशाखाले तयार गरेको समय तालिका बमोजिम सम्बन्धित विषयक्षेत्र हेर्नुहुने माननीय सदस्यको संयोजनमा सम्बन्धित महाशाखा/शाखाले बजेट छलफलको कार्यक्रम संचालन गर्ने ।